Total No. of Printed Pages—15

**HS/XII/A/n/26**

**2 0 2 6**

# NEPALI (ELECTIVE)

**( FOR CANDIDATES WITH INTERNAL ASSESSMENT—NEW COURSE )**

*Full Marks* : 80

**( FOR CANDIDATES WITHOUT INTERNAL ASSESSMENT—OLD COURSE )**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions.*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt all parts of a question together at one place.

**( For NEW COURSE and OLD COURSE )**

( *Marks* : 80 )

SECTION—A

( *Marks* : 30 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही उत्तर छानेर लेख : 1×30=30

(क) मोटे कार्कीले के काम गर्छ?

*(i)* खेतीबारी गर्ने

*(ii)* खसीबाख्रा बेच्ने

*(iii)* कुखुरा बेच्ने

*(iv)* गाई-गोरु पाल्ने

(ख) कसको घरमाथि छहरे धारो थियो?

*(i)* धनेको

*(ii)* कार्कीको

*(iii)* रिकुटेको

*(iv)* बैदारको

(ग) ''स्वास्नीको डर लागे ______ कसरी मेट्छस् त?''
तलको सही शब्द छानेर माथिको रित्तो ठाउँ भर :

*(i)* रहर

*(ii)* तिर्खा

*(iii)* थकाई

*(iv)* भोक

(घ) ‘‘आफू लुगा पनि उत्तिको मैलो थिएन।’’
माथिको वाक्यमा कसको लुगाको कुरा गरिएको छ?

*(i)* नोकरको

*(ii)* कृष्णको

*(iii)* भोटुको

*(iv)* भोटुको दाइको

(ङ) ‘मुगलान’ शब्दले के बुझाउँछ?

*(i)* मावली जाने

*(ii)* आमाको गाउँ

*(iii)* स्वदेश

*(iv)* विदेश

(च) दुलहीको छोरा भइसक्दा ऊ कति वर्षकी थिई?

*(i)* 17 वर्षकी

*(ii)* 18 वर्षकी

*(iii)* 19 वर्षकी

*(iv)* 20 वर्षकी

(छ) जुन वाक्यमा कर्ता मुख्य हुन्छ अर्थात कर्तासित क्रियाको मेल हुन्छ त्यसलाई के भनिन्छ?

*(i)* कर्तृवाच्य

*(ii)* छन्द

*(iii)* कारक

*(iv)* रस

(ज) मूल रूपमा छन्द कति प्रकारका छन्?

*(i)* दुई

*(ii)* तीन

*(iii)* चार

*(iv)* पाँच

(झ) ''धनेको कठोर मुड्की खाएर रुन थाल्यो।''

माथिको वाक्यमा रुने व्यक्ति को हो?

*(i)* साने घर्ती

*(ii)* कान्छा साहू

*(iii)* नन्दे ढकाल

*(iv)* बैदार बूढा

(ञ) बैदार बूढाले प्रयोग गर्ने थेगो कुन हो?

*(i)* तपाईंको

*(ii)* हरिरामको

*(iii)* चाइने

*(iv)* क्या नाम

(ट) ''रागेपाटे अतिशय ठूलो लौन नी बाघ आयो
झम्टयो गाई थरथर भए होस् मेरो हरायो।''

माथिको पङ्क्तिमा कुन रस पाइन्छ?

*(i)* वीर

*(ii)* शान्त

*(iii)* हास्य

*(iv)* भयानक

(ठ) 'मसान' नाटकमा कति दृश्य छन्?

*(i)* सात

*(ii)* आठ

*(iii)* नौ

*(iv)* दश

(ड) दुलहीले वाग्मतीलाई किन दर्शनढुङ्गा लिन पठाउँछे?

*(i)* गट्टा खेल्न

*(ii)* युवतीलाई हान्न

*(iii)* कृष्णलाई हान्न

*(iv)* घर सजाउँन

(ढ) मोटे कार्कीको घरमा को-को थिए?

*(i)* आमा-बाबा

*(ii)* दाइ-भाउजू

*(iii)* भाइ-बहिनी

*(iv)* कोही थिएनन्

(ण) तल दिइएका वाक्यहरूमध्ये कुन वाक्य शुद्ध छैन?

*(i)* समय कहिले थाक्दैन।

*(ii)* मानिसको इच्छाको अन्त कहिल्यै हुँदैन।

*(iii)* जीवन एउटा सङ्ग्राम-भूमि होइन।

*(iv)* शिक्षाले मानिसको मन पवित्र र उन्नत पार्छ।

(त) क्रियासित सम्बन्ध राख्ने संज्ञा वा सर्वनामलाई के भनिन्छ?

*(i)* कारक

*(ii)* वाच्य

*(iii)* अलङ्कार

*(iv)* छन्द

(थ) ''म तिमीलाई पुस्तक दिन्छु।''
माथिको वाक्यमा सम्प्रदान कारकको विभक्ति चिह्न कुन हो?

*(i)* म

*(ii)* तिमी

*(iii)* लाई

*(iv)* पुस्तक

(द) ''तिम्रो दाँजोमा उसले केहि पनि दुःख पाएकी छैन।'' प्रस्तुत वाक्यमा दाँजोको अर्थ के हो?

*(i)* तुलना

*(ii)* अन्याय

*(iii)* सुख

*(iv)* कल्पना

(ध) कुन चाड आउने बेलामा झुमा आइतबारे हाट लुगा किन्न पुग्छे?

*(i)* माघे संक्रान्ति

*(ii)* तीज

*(iii)* दसैं

*(iv)* तिहार

(न) धनेको भैंसीले लेउतको फाफर विनाश गर्दा धनेलाई कति मोहर जरिवाना तोकियो?

*(i)* 3 मोहर

*(ii)* 4 मोहर

*(iii)* 5 मोहर

*(iv)* 6 मोहर

(प) ''के जानी दुई-चार मैना बसिन्छ होला, छुट्टी पनि छ।''
माथिको वाक्य कसले भनेको हो?

*(i)* झुमा

*(ii)* ठूली

*(iii)* कान्छा साहू

*(iv)* रिकुटे

(फ) ''कौशिस गरए इचछा पुरआ हुनछ।''
यस वाक्यको तलमध्ये कुन शुद्ध रूप हो?

*(i)* कोशिस गरए इच्छा पुरा हुनछ।

*(ii)* कौशिश गरे इच्छा पुरा हुन्छ।

*(iii)* कोशिश गरे इच्छा पुरा हुनछ।

*(iv)* कोशिश गरे इच्छा पूरा हुन्छ।

(ब) ठूलीले हाटमा के-को पसल फिँजाएर बसी?

*(i)* सेलको

*(ii)* चटपटाको

*(iii)* चामलको

*(iv)* भटमासको

(भ) नन्दे ढकाल किन मनमनै कुँडियो?

*(i)* कार्की र ढकाल्नी बूढी-को कुरा सुनेर

*(ii)* लुइँटेलले कूतमा खेत रोप्न छोडेर

*(iii)* धनेलाई गोरु र घरखर्च चलाउन रुपियाँ दिनुपर्छ भनेर

*(iv)* धने र कार्की-को कुरा सुनेर

(म) ''मलाई यो भुङ्ग्रोमा पारिदिने तपाईँ त हो नि।''
माथिको वाक्यमा भुङ्ग्रोमा पर्ने व्यक्ति को हो?

*(i)* युवती

*(ii)* कृष्णकी बहिनी

*(iii)* कृष्ण

*(iv)* दुलही

(य) युवतीको खास नाम के हो?

*(i)* ठूली

*(ii)* सुँडिनी

*(iii)* हेलेन

*(iv)* मिसिनी

(र) ''छानाबाट ढुङ्गा झऱ्यो।'' प्रस्तुत वाक्य कुन कारकको उदाहरण हो?

*(i)* कर्म कारक

*(ii)* करण कारक

*(iii)* सम्प्रदान कारक

*(iv)* अपादान कारक

(ल) तलका वाक्यहरूमध्ये कुन वाक्य शुद्ध छ?

*(i)* कुनै विशिष्ट व्यक्तिको लेखिन्छ जीवनी।

*(ii)* विशिष्ट व्यक्तिको लेखिन्छ कुनै जीवनी।

*(iii)* जीवनी व्यक्तिको कुनै विशिष्ट लेखिन्छ।

*(iv)* जीवनी कुनै विशिष्ट व्यक्तिको लेखिन्छ।

(व) कृष्णले युवतीलाई कस्तो औषधि खुवाउँछ?

*(i)* टाउको नदुख्ने

*(ii)* भूडी नदुख्ने

*(iii)* ज्वरो निको हुने

*(iv)* सन्तान नहुने

(श) ''हाम्रो यो ______ बाहेक अन्त कहीं पनि गति छैन।''
तलको सही शब्द छानेर माथिको रित्तो ठाउँ भर।

*(i)* घरमा

*(ii)* मन्दिरमा

*(iii)* संसारमा

*(iv)* कोठामा

## SECTION—B

( *Marks* : 20 )

**2.** दुई वाक्य वा शब्दमा उत्तर लेख (कुनै **चार**) : 2×4=8

(क) कृष्णको दोस्रो बिहेको बेला केटी माग्न जाँदा आमाले के भनिन्?

(ख) कर्ता कारक के हो? उदाहरण देऊ।

(ग) वाच्य कति प्रकारका छन्? नाम लेख।

(घ) बैदार बूढाको मिहिनेतको कमाइ के हो?

(ङ) कृष्णकी बहिनीका कति भाइ छोरा छन्? उसलाई कसले दुःख दिएको छ?

(च) 'मसान' नाटकमा कसले खलनायकको भूमिका लिइएको छ? उसका कारण कसकसले दुःख पाएका छन्?

(छ) धनेलाई विधिले कस्तो अमूल्य रत्न दिएको छ?

(ज) धने को हो? उसका परिवारमा को-को छन्?

**3.** *तीन* वा *चार* वाक्यमा उत्तर लेख (कुनै **चार**) : 3×4=12

(क) 'मसान' नाटकको अन्तमा युवतीले किन कृष्णको घरलाई मसान भन्छे?

(ख) कृष्णले दोस्रो बिहे गर्नुपर्ने मुख्य कारण के हो? कृष्ण किन दोस्रो बिहे गर्ने पक्षमा थिएन?

(ग) युवती र दुलही-मा रहेका कुनै तीन भिन्नता लेख।

(घ) रस कति प्रकारका छन्? ती रसहरूको नाम लेख।

(ङ) अलङ्कार केलाई भनिन्छ? कति प्रकारका छन्? नाम लेख।

(च) 'मसान' नाटकका मुख्य र गौण पात्रहरूको नाम लेख।

(छ) धनेले किन गाभिनी भैँसी कुट्यो?

(ज) मोटे कार्की को हो? ऊ किन स्त्रीसमाजमा प्रिय छ?

## SECTION—C

( *Marks* : 10 )

**4.** तलको अनुच्छेद पढेर सोधिएका प्रश्नको उत्तर लेख :

मास्तिर एक छेउदेखि अर्को छेउसम्म वारपार ठूलो पर्वतमाला फैलिएको छ। पर्वतको फेदीमा परैसम्म फैलिएको ठूलो समतल भूमि छ। पर्वतको छेउछेउमा भएका सानातिना कटेराहरूबाट निस्केको प्रकाश जूनकीरीझैँ धिपधिप देखिन्छन्। पर्वतको बायाँ कुनामा भएका सानातिना ढिस्काहरूबाट बाबियो र बिलाउनेका हाँगाहरू नुहेर मानौँ तल फेदीवासीहरूको स्वागत गरिरहेका छन्। तिनै ढिस्काछेउमा ठूलो टाहार छ जसमा सिरू र खर डम्म छ। माझमाझमा एक-दुईवटा सल्ला, भोर्ला र चिलाउनेका ठूलाठूला रूखहरू छन्। हिउँदमा माथि लेकबाट खेत मल्न ल्याएका वस्तुहरूको चरन यही टाहार नै हो।

**प्रश्नहरू :**

(क) ठूलो समतल भूमि कहाँ छ? 1

(ख) कटेराहरूबाट निस्केको प्रकाश कस्तो देखिन्छ? 1

(ग) बाबियो र बिलाउनेका हाँगाहरूले कसको स्वागत गरिरहेको छ? 1

(घ) सिरू र खर कहाँ छ? 1

(ङ) माथिको अनुच्छेदमा कुन-कुन रूखका नाम छन्? 1

**5.** तलको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूका उत्तर लेख :

मेरो निद्रा कुम्भकर्णको निद्राजस्तो मात्र भो, मलाई उठाउन ढ्याङग्रो ठटाउनुपर्छ। आमाहरूको निद्रा छातीमा टाँस्सिएर सुतेको सन्तान अलिकति असजिलो मानेर चलमलाए मात्र पनि खुल्छ। उनीहरूको बल सन्तानको जीवन हुन्छ। उनीहरूको अँगालोबाट जीवन पह्लाउँछ। यो मासु राँक्किएर आएको, मासुका यी लुँदाहरूमा रगत उम्लिरहेछ। तर तिनीहरूलाई सेलाउने राम्रो बाटो पनि त चाहियो नि! रगत सधैं उम्लिरहन्न, मासु चाउरिहाल्छ। मायामा सुकेको रगत बेश, स्याहारमा झुम्रो भएको मासु बेश। जीवन नवजीवनमा हराओस्।

**प्रश्नहरू :**

(क) माथिको अनुच्छेदमा कसको निद्रालाई कुम्भकर्णको जस्तो भनिएको छ? 1

(ख) आमाको निद्रा कसरी खुल्छ? 1

(ग) कसको बल सन्तानको जीवन हुन्छ? 1

(घ) केलाई सेलाउने राम्रो बाटो चाहिन्छ? 1

(ङ) बेश र नवजीवन-को अर्थ लेख। 1

## SECTION—D

( *Marks* : 20 )

**6.** सप्रसँग व्याख्या गर : 5

''होइन, तिमी त खालि म कोसित कुरा गर्छु, त्यत्ति हेर्न आउँछौ कि क्या हो? बात मार्दैमा के जात जाइहाल्छ र?''

**अथवा**

''यस्तो धुस्रोफुस्रो भएर त कोही पनि नबसोस्। तिम्रो उमेरमा त म दिनको दुईचोटी तीनचोटी कपाल कोरेर काट्ने सिंगारिएर बस्थें।''

**7.** 'मसान' नाटककी मुख्य नायिका युवतीको चरित्र चित्रण गर। 5

**अथवा**

'मसान' नाटकको कथावस्तु सङ्क्षेपमा लेख।

**8.** 'बसाइँ' उपन्यासका पात्र रिकुटे र मोटे कार्की-को तुलनात्मक चरित्र चित्रण गर। 5

**अथवा**

झुमा को हो? ऊ कसरी कस्तो समस्यामा परी? उसको उद्धार कसले कसरी गऱ्यो?

**9.** तल दिइएको कुनै **एउटा** विषयमा *150* शब्दभित्र निबन्ध लेख : 5

(क) कलमको शक्ति

(ख) खेलकूदको महत्त्व

(ग) स्वावलम्बन (आत्मनिर्भरता)

**अथवा**

''असफलता नै सफलताको खाँभो हो'' भन्ने कुरालाई मुख्य विषय बनाएर, कक्षा 12 को चयन परीक्षा (Selection Exam)-मा उत्तीर्ण हुन नसेकोमा तिम्रो साथीलाई एउटा पत्र लेख।

**( For OLD COURSE only )**

SECTION—E

( *Marks* : 20 )

**10.** कोष्ठभित्र दिइएका सही शब्द छानेर तलका वाक्य पूरा गर : 1×10=10

(क) विधिको ______ नै विचित्रको छ। (भाग्य/विधान)

(ख) धने त्यस व्यक्तिसित कुरा गर्नमा ______ थियो। (मग्न/व्यस्त)

(ग) घरको सारा धन्दा आजकल ______ नै छ। (मैनामाथि/झुमामाथि)

(घ) मैनाको कुराले धनेको ______ सीमा रहेन। (खुशीको/हर्षको)

(ङ) झुमा र ठूली बेलैमा ______ निस्के। (घरबाट/हाटबाट)

(च) भोटुतिरबाट ______ त्यसरी नचुँड। (मन/हात)

(छ) मेरो मायाको ______ त्यसै काम्न थाल्नुभो। (अगाडि/पछाडि)

(ज) खूब खाइयो पास्नीको ______। (खाना/भोज)

(झ) मलाई त चिटचिट ______ आउन थाल्यो। (आँसु/पसिना)

(ञ) अर्को ______ गर्ने लोग्नेसित परिन्थ्यो कि। (माया/दया)

**11.** तल दिइएका कथन सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख : 1×10=10

(क) कृष्ण एउटा शिक्षित शहरिया हो।

(ख) दुलहीले युवतीको कपालमा तेल लगाइदिई।

(ग) वाग्मतीको लोग्नेले वाग्मतीलाई धेरै माया गर्छ।

(घ) 'मसान' नाटकका नाटककार गोपालप्रसाद रिमाल हुन्।

(ङ) भोटु 4–5 वर्षको बालक हो।

(च) आइतबारे हाट दुई सातामा एकपल्ट लाग्छ।

(छ) झुमाले रिकुटेको खबर लिन ठूलीलाई लिम्बूगाउँमा पठाउँछे।

(ज) दोबाटे साहिँलो स्वयम् पनि गरीब थियो।

(झ) रागेभीरबाट कैयौँ गाई, गोरु, मान्छे लडेर संसारबाट मुक्त भएका छन्।

(ञ) मोटे कार्कीले रुपियाँ पैसा खर्च गर्दैनथ्यो।

★★★